जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक २१५ • २०८३ जेठ १२ गते मंगलवार • 26 May. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-




## महिला सशक्तिकरण तथा छात्रामैत्री शैक्षिक वातावरण निर्माणका लागि महत्वपूर्ण र उदाहरणीय निर्णय

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ११ जेठ



जनकपुरधाम उपमहा नगरपालिकाले महिला सशक्तिकरण तथा छात्रामैत्री शैक्षिक वातावरण निर्माणका लागि महत्वपूर्ण र उदाहरणीय निर्णय गरेको छ। उपमहानगरपालिका-११ स्थित सकल भवन कन्या माध्यमिक विद्यालयलाई पूर्ण रूपमा महिला विद्यालयको स्वरूप दिने निर्णयसँगै शिक्षा क्षेत्रमा नयाँ बहस र सकारात्मक सन्देश प्रवाह भएको छ। उपमहानगरपालिकाको शिक्षा समितिबाट पारित उक्त निर्णयमा नगरप्रमुख मनोज साहको विशेष सक्रियता रहेको बताइएको छ।

यसअघि विद्यालयमा छात्रीहरूको मात्र भर्ना हुने व्यवस्था भए पनि शिक्षक तथा कर्मचारी संरचनामा पुरुषको संख्या उल्लेख्य रहेकाले विद्यालयलाई पूर्ण रूपमा महिलामैत्री वातावरणमा सञ्चालन गर्न कठिनाइ भइरहेको स्थानीय अभिभावक तथा शिक्षासँग सरोकार राख्ने व्यक्तिहरूले बताउँदै आएका थिए। यसै अवस्थालाई मध्यनजर गर्दै उपमहानगरपालिकाले हालै सामुदायिक विद्यालयहरूमा विद्यार्थी संख्याको आधारमा दरबन्दी मिलान प्रक्रिया अघि बढाएको थियो।

सोही प्रक्रियाअन्तर्गत अन्य विद्यालयमा कार्यरत महिला शिक्षकहरूलाई सकल भवन कन्या माध्यमिक विद्यालयमा पदस्थापन गरिएको छ भने यहाँ कार्यरत पुरुष शिक्षक तथा कर्मचारीलाई अन्य विद्यालयमा सरुवा गरिएको जनाइएको छ। उपमहानगरपालिकाका एक अधिकारीका अनुसार विद्यालयलाई नाममात्रको कन्या विद्यालय नभई व्यवहारिक रूपमा पनि पूर्ण महिला विद्यालयको रूपमा विकास गर्ने लक्ष्यका साथ यो निर्णय गरिएको हो। उनका अनुसार विद्यालयमा अध्ययनरत छात्रीहरूलाई सुरक्षित, सहज र आत्मविश्वासपूर्ण वातावरण प्रदान गर्न महिला शिक्षक तथा कर्मचारीको उपस्थिति महत्वपूर्ण हुने ठहर गर्दै यस्तो कदम चालिएको हो। विद्यालयका वर्तमान प्रधानाध्यापक यसै भदौ महिनामा अवकाश प्राप्त गर्ने तयारीमा रहेकाले तत्काल उनको सरुवा नगरिएको जानकारी दिइएको छ। तर, अवकाशपछि विद्यालयमा महिला प्रधानाध्यापक नियुक्त गरिने उपमहानगरपालिकाको तयारी रहेको छ। त्यसपछि विद्यालय पूर्ण रूपमा महिला नेतृत्व, महिला शिक्षक तथा महिला कर्मचारीद्वारा सञ्चालन हुने विश्वास गरिएको छ।

यस निर्णयलाई शिक्षाविद्, अभिभावक तथा स्थानीयवासीहरूले अत्यन्त सकारात्मक रूपमा लिएका छन्। उनीहरूका अनुसार किशोरी छात्राहरूको मनोविज्ञान, सुरक्षा र आत्मीय वातावरणलाई ध्यानमा राख्दा यस्तो विद्यालयको आवश्यकता लामो समयदेखि महसुस हुँदै आएको थियो। अब महिला शिक्षकहरूको नेतृत्वमा विद्यालय सञ्चालन हुँदा छात्रीहरू थप खुला रूपमा आफ्ना समस्या राख्न सक्ने, सिकाइमा आत्मविश्वास बढ्ने तथा विद्यालयमा अनुशासन र सहभागिता समेत मजबुत हुने विश्वास गरिएको छ।

स्थानीय अभिभावक र सामाजिक अगुवाहरूले यस कदमलाई केवल प्रशासनिक निर्णयका रूपमा नभई महिला नेतृत्व र लैंगिक समानतालाई व्यवहारमा लागू गर्ने प्रयासका रूपमा व्याख्या गरेका छन्। उनीहरूका अनुसार अझै पनि समाजका धेरै क्षेत्रमा महिलाको सहभागिता सीमित भइरहेका बेला शिक्षाजस्तो संवेदनशील क्षेत्रमा महिलालाई प्राथमिकता दिनु दूरदर्शी निर्णय हो।

महिला अधिकारकर्मीहरूका अनुसार किशोरीमैत्री विद्यालय निर्माणका लागि भौतिक पूर्वाधार मात्र पर्याप्त हुँदैन, विद्यालयको समग्र वातावरण पनि संवेदनशील र सुरक्षित हुनुपर्छ। महिला शिक्षक तथा महिला नेतृत्वको उपस्थितिले छात्रीहरूमा आत्मविश्वास वृद्धि हुनुका साथै विद्यालय छाड्ने दर घटाउन समेत सहयोग पुग्ने उनीहरूको भनाइ छ। जनकपुरधाम उपमहानगरपालिकाको यो पहलले अन्य स्थानीय तहलाई समेत प्रेरणा दिने अपेक्षा गरिएको छ। विशेषगरी कन्या विद्यालयहरूको प्रभावकारी व्यवस्थापन, छात्रीहरूको सुरक्षा, महिला नेतृत्व प्रवर्द्धन तथा लैंगिक समानताको अभ्यासमा यो निर्णय नमूना बन्न सक्ने शिक्षा क्षेत्रका जानकारहरू बताउँछन्। शिक्षा क्षेत्रमा गरिएको यस्तो परिवर्तनले विद्यालय प्रशासनमा सुधार ल्याउने मात्र नभई समाजमा महिलाको भूमिका, नेतृत्व क्षमता र सहभागिताप्रति सकारात्मक दृष्टिकोण निर्माण गर्नसमेत योगदान पुग्ने विश्वास गरिएको छ।








अवैध चोरी निकासी नियन्त्रण गरौं

- गैरकानुनी रुपमा सामान देश बाहिर लैजाने/ल्याउने कार्य रोकौं,
- शंकास्पद गतिविधि देखे सम्बन्धित निकायमा जानकारी गराऔं,
- वैधानिक प्रक्रियाबाट आयात-निर्यात गरौं,
- कर छलि र तस्करी विरुद्ध सचेत बनौं,
- सीमा क्षेत्र र बजारमा निगरानी बढाऔं,
- प्राकृतिक श्रोत, बन सम्पदा तथा राष्ट्रिय सम्पत्तिको संरक्षण गरौं,

आर्थिक सुशासन कायम गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

# शिक्षण पेसा र शिक्षकलाई सम्मान गर

*'केही गर्न नसक्नेहरू शिक्षक बन्छ' भन्ने हाम्रो समाजमा रहेको कतिपय भाष्य नै गलत रहेको देखिन्छ । हरेक मानिस असफल भएर वा अन्य केही बन्न नसकेर शिक्षक बनेका हुँदैन । कतिपय मानिसलाई शिक्षण-सिकाइ गराउनुमा आनन्द र आत्मसन्तुष्टि प्राप्त हुने देखिन्छ, त्यसैले पनि उनीहरू यो पेसामा लागेका हुन्छ । इन्जिनियर, डाक्टर, नर्स, वकिलजस्ता विभिन्न पेसाका व्यक्तिहरू पनि शिक्षकको भूमिकामा देखिन्छ । उनीहरूले आफ्ना विषय सम्बन्धी ज्ञान विद्यार्थीलाई प्रदान गरिरहेको देखिन्छ । अरू धेरै देशहरूमा शिक्षक र शिक्षण पेसालाई अत्यन्त सम्मानका साथ देखिन्छ । तर हाम्रो देशमा भने यो पेसालाई प्राय: अन्तिम विकल्पको रूपमा लिने गरेको देखिन्छ । अझ यो पेसामा लागेका व्यक्तिलाई हेर्ने समाजको दृष्टिकोण नै फरक रहेको हुन्छ । यद्यपि पछिल्ला दिनहरूमा यस्तो धारणामा फेरबदलसमेत पाउन सकिएका छन ।*

*अन्तमा: जसरी हामी आफ्नो पेसालाई गर्वका साथ परिचय दिन्छौं, त्यसरी नै शिक्षण पेसा र शिक्षकलाई पनि सम्मान गर्न र दिन सिक्नुपर्छ । शिक्षकले हाम्रो जीवनमा ठूलो योगदान नगरेका भए पनि, कम्तीमा रातो कलमले अंक दिएर उत्तीर्ण त पक्कै गरेका छन । आफ्नो पेसामात्र महान् र शिक्षक भने सबै अल्छी, अयोग्य वा ठग हुन् भन्ने कतै सोच छ भने त्यो त्याग्नुपर्छ । एउटा शिक्षकले आफ्ना विद्यार्थीलाई कहिल्यै प्रतिस्पर्धीको रूपमा देखिदैन । विद्यार्थी जीवनमा शिक्षकलाई 'हराउनु' भनेको शिक्षकभन्दा अझ सफल बन्नु हो, र प्रत्येक शिक्षक यही चाहन्छ– उसका विद्यार्थी ऊभन्दा पनि बढी काविल बनोस ।*

# व्यवसायी र उपभोक्ता दुवै पक्षले एकअर्काको मानव अधिकारको सम्मान र संरक्षण गर्नुपर्ने आवश्यकता

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ११ जेठ**



मधेश प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री कनिष पटेलले व्यवसायी र उपभोक्ता दुवै पक्षले एकअर्काको मानव अधिकारको सम्मान र संरक्षण गर्नुपर्ने आवश्यकता औंल्याएका छन् । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले आयोजना गरेको 'व्यवसाय र मानव अधिकार' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री पटेलले व्यवसाय सञ्चालनमा हुने व्यवहार र उपभोक्ता अधिकार दुवै मानव अधिकारसँग प्रत्यक्ष रूपमा जोडिएको बताए । उनका अनुसार उपभोक्ताले व्यवसायीसँग अनुचित व्यवहार गर्ने वा व्यवसायीले उपभोक्ताको अधिकार उल्लंघन गर्ने अवस्था दुवै मानव अधिकार हननकै रूप हो ।

साथै उनले अनधिकृत र अधिकृत व्यवसायीबीच हुने द्वन्द्वले पनि मानव अधिकार उल्लंघन निम्त्याउने उल्लेख गरे । मन्त्री पटेलले उद्योग वाणिज्य संघहरूले एकताको नाममा अनधिकृत व्यवसायीलाई संरक्षण गर्न नहुने धारणा राखे । कार्यक्रममा उनले मधेश प्रदेश सरकारले छिट्टै उद्योग दर्ता तथा नवीकरणका लागि अनलाइन प्रणाली (सफ्टवेयर) विकास गर्ने तयारी भइरहेको जानकारी पनि दिए । साथै उत्कृष्ट करदाता व्यवसायीलाई प्रोत्साहनस्वरूप नगदसहित पुरस्कृत गर्ने योजना रहेको उनको भनाइ थियो । सोही कार्यक्रममा जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले जनकपुरधामको व्यापार व्यवसाय निरन्तर ओरालो लागिरहेको भन्दै चिन्ता व्यक्त गरे । उनले व्यवसायीहरू कठिन अवस्थामा रहेको भन्दै सरकारले आवश्यक सुविधा र सहजीकरण नगरेको गुनासो गरे । कार्यक्रममा उद्योगी व्यवसायी, मानव अधिकारकर्मी, नागरिक समाजका प्रतिनिधि तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

# लामो समयदेखि प्रमुख प्रशासकीय अधिकृत कार्यालयमा नियमित उपस्थित नभएकोप्रति असन्तुष्टि

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ११ जेठ**



धनुषाको दक्षिणी क्षेत्रमा रहेको धनौजी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजकुमार दास लामो समयदेखि कार्यालयमा नियमित उपस्थित नभएको भन्दै स्थानीयवासी तथा सेवाग्राहीहरूले असन्तुष्टि व्यक्त गरेका छन् । स्थानीयका अनुसार अधिकृत दास करिब एक महिनादेखि गाउँपालिकाको कार्यालयमा देखिएका छैनन् ।

कार्यालय प्रमुख नियमित रूपमा उपस्थित नभएपछि दैनिक प्रशासनिक कामकाजदेखि विकास निर्माण सम्बन्धी प्रक्रियासमेत प्रभावित भएको गुनासो सेवाग्राहीहरूको छ । स्थानीय दरबेश मण्डलले प्रमुख प्रशासकीय अधिकृत लामो समयदेखि कार्यालय नआउँदा नागरिकले सामान्य प्रशासनिक सेवा लिनसमेत सास्ती खेप्नुपरेको बताए । उनका अनुसार चालु आर्थिक वर्ष २०८२/०८३ समाप्त हुन अब डेढ महिना मात्रै बाँकी रहेकाले बजेट कार्यान्वयन, योजनाको भुक्तानी तथा अन्य प्रशासनिक निर्णयहरू प्रभावित भइरहेका छन् । गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतको अनुपस्थितिले विकास निर्माणका काम सुस्ताएको तथा सेवाप्रवाह कमजोर बनेको स्थानीयहरूको आरोप छ । उनीहरूले कार्यालय प्रमुख नियमित रूपमा उपस्थित नभए स्थानीय तहको समग्र कामकारबाही नै प्रभावित हुने बताएका छन् ।

यता, प्रमुख प्रशासकीय अधिकृत दासले भने आफू सम्पर्कविहीन नभएको दाबी गरेका छन् । उनले अस्वस्थ्य भएका कारण उपचारका लागि काठमाडौं जानुपरेको र सोही विषयलाई लिएर अनावश्यक रूपमा कुप्रचार गरिएको बताए । 'म बिरामी भएर उपचारका लागि काठमाडौं गएको हुँ । बीच बीचमा कार्यालय पनि आइरहेको छु,'दासले भने ।

# प्रादेशिक अस्पताल जनकपुरमा चिकित्सकहरूको पेनडाउन आन्दोलनका कारण स्वास्थ्य सेवा प्रभावित

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ११ जेठ**



मधेश प्रदेशकै सबैभन्दा बढी गरिब तथा विपन्न बिरामीको उपचार हुने प्रादेशिक अस्पताल जनकपुरमा चिकित्सकहरूको पेनडाउन आन्दोलनका कारण स्वास्थ्य सेवा प्रभावित बनेपछि बिरामी तथा उनीहरूका आफन्त समस्यामा परेका छन् । एक सुत्केरी महिलाको उपचारका क्रममा मृत्यु भएपछि शल्यक्रियामा संलग्न चिकित्सकमाथि कारबाहीको माग उठेपछि अस्पतालभित्र विवाद चुलिएको हो । घटनापछि अस्पताल प्रशासनले दुई चिकित्सकलाई निलम्बन गरेसँगै त्यहाँ कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मी आन्दोलनमा उत्रिएका छन् । चिकित्सकहरूले विगत तीन दिनदेखि पेनडाउन गर्दै आएकाले ओपिडी सेवा प्रभावित भएको छ । अस्पतालका विभिन्न वार्डको सेवा समेत आंशिक रूपमा बन्द हुँदा उपचारका लागि आएका सयौं बिरामी समस्यामा परेका छन् ।

टिकट काटेर घण्टौं लाइनमा बसेका बिरामी उपचार नपाउँदा निराश बनेका छन् । विशेषगरी आर्थिक अवस्था कमजोर भएका बिरामीहरू सबैभन्दा बढी प्रभावित भएका छन् ।

## तपाईको टुडे

- मेष: खानपानमा समस्या आउने
- वृष: अशुभ समाचार प्राप्त हुने
- मिथुन: अनावश्यक चिन्ता
- कर्कट: लामो यात्राको योग छ
- सिंह: अनावश्यक खर्चको संभावना
- कन्या: शुभ कार्यको शुरुवात
- तुला: विचार गरेर बोल्नुहोला
- वृश्चिक: पढाईमा ध्यान दिनुपर्ने
- धनु: पिछडेको साथी मिल्ने
- मकर: मनमा पछुतो आउने
- कूम्भ: मित्रतामा फाटो आउने
- मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा



## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर



## पुजाआजा



| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# अमेरिकासँग सम्झौता र रोक्का कोष रिहाइबारे छलफल गर्न इरानी टोली दोहामा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ११ जेठ**



शीर्ष वार्ताकार र केन्द्रीय बैङ्कका प्रमुखसहितको उच्चस्तरीय इरानी प्रतिनिधिमण्डल अमेरिकासँगको सम्झौता र रोक्का गरिएको कोषको रिहाइबारे छलफल गर्न सोमबार दोहा पुगेको छ।

द्वन्द्व अन्त्यका लागि जारी कूटनीतिक प्रयासबारे वार्ताका लागि इरानी सभामुख मोहम्मद बाघेर गालिबाफ र विदेशमन्त्री अब्बास अराघची दोहा आइपुगेको एक विश्वसनीय स्रोतले एएफपीलाई जानकारी गराएको हो। इरानको सरकारी समाचार एजेन्सी आइआरएनए तथा अन्य सञ्चारमाध्यम तास्निम र फार्स न्यूज एजेन्सीहरूले कूटनीतिक प्रक्रियाको हिस्साका रूपमा भएको यस भ्रमणको पुष्टि गरेका छन्।

प्रतिनिधिमण्डलमा विदेश मन्त्री अब्बास अराघचीका साथै विदेशमा रोक्का इरानी सम्पत्तिको विषयमा छलफल गर्ने उद्देश्यले केन्द्रीय बैङ्कका गभर्नर अब्दोलनासेर हेमती पनि सामेल रहेका छन्। संवेदनशील विषय भएकाले नाम उल्लेख नगर्ने सर्तमा स्रोतले दिएको जानकारी अनुसार यो भ्रमण मुख्य गरी हर्मुज जलमार्ग भएर हुने आवागमन र अत्यधिक संवर्धित युरेनियमसँग सम्बन्धित मुद्दाहरूमा केन्द्रित हुनेछ। यो विषय अमेरिका र इरानबीच पाकिस्तानी मध्यस्थतामा सम्झौताका लागि तयार गरिएको एक खाकाका रूपमा समझदारी पत्रमा सम्बोधन गरिएको छ। अमेरिका र इरानबीचको शान्ति वार्तामा पाकिस्तान अहिलेसम्म मुख्य मध्यस्थकर्ताको रूपमा रहँदै आएको छ। गत अप्रिल ८ मा युद्धविराम लागू भएदेखि जारी यस वार्ताको मुख्य उद्देश्य युद्धलाई व्यापक रूपमा अन्त्य गर्नु र स्ट्रेट अफ हर्मुज पुनः खोल्नु हो। फार्स न्यूज एजेन्सीका अनुसार वाशिङ्गटनले अन्तर्राष्ट्रिय प्रतिबन्धहरू अन्तर्गत विदेशमा रोक्का गरिएको तेहरानको कोषको केही हिस्सा जारी गर्ने सहमति जनाएको छ। यसको बदलामा हर्मुज नाकाबन्दी अन्त्य गर्ने सर्तमा इरानी बन्दरगाहहरूमा यात्रा गर्ने जहाजहरूको नौसैनिक नाकाबन्दी अन्त्य गर्न अमेरिका तयार भएको छ। यसअघि सन् २०२३ मा दक्षिण कोरियाली बैङ्कहरूबाट रोक्का गरिएको छ अर्ब डलर इरानी कोष इरानले बन्धक बनाएका पाँच अमेरिकी नागरिकहरूको रिहाइको सर्तमा कतारमा राखिएको थियो।

# सलमान खानको इन्स्टाग्राम अकाउन्ट अचानक गायब

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ११ जेठ**



हिन्दी सिनेमाका सुपरस्टार सलमान खान आजभोलि सामाजिक सञ्जालमा निकै सक्रिय देखिन थालेका छन्। उनका विभिन्न पोस्टहरू आएको दिन चर्चामा छाइरहन्छन्।

यसैबिच सोमबार अचानक सलमानको आधिकारिक इन्स्टाग्राम अकाउन्ट सस्पेन्ड भएपछि उनका प्रशंसकहरू निकै चिन्तित बनेका थिए। तर, केही समयको अन्तरालपछि उनको इन्स्टाग्राम ह्यान्डल पुनः सुचारु भएको छ। भर्खरै मात्र प्यापराजीसँगको विवादपछि सलमानले ढिलो राति इन्स्टाग्राममा लगातार कयौँ पोस्टहरू सेयर गरेका थिए। यसअघि पनि उनी आफ्ना विभिन्न पोस्टका कारण चर्चामा रहने गर्थे। तर, सोमबारका दिन अचानक उनको इन्स्टाग्राम अकाउन्ट गायब भएपछि धेरैलाई अचम्ममा पारिदियो। उनको आधिकारिक पेज खोल्दा त्यहाँ 'युजर नट फाउन्ड' देखाइरहेको थियो। केही समयपछि सलमानको आधिकारिक इन्स्टाग्राम पेज फिर्ता आयो र उनका पुराना पोस्ट तथा अन्य सबै विवरणहरू पुनः देखिन थाले। इन्स्टाग्राममा आएको प्राविधिक गडबडीका कारण यस्तो भएको बताइएको छ। पछिल्लो समय इन्स्टाग्रामले आफ्ना सर्त र नियमहरू पालना नगर्ने कयौँ ह्यान्डलहरूलाई सस्पेन्ड गरिरहेको छ। इन्स्टाग्रामको सोही प्राविधिक त्रुटिका कारण सलमानको ह्यान्डल पनि केही समयका लागि निष्क्रिय भएको हुन सक्ने अनुमान गरिएको छ। हाल उनको पेज पूर्ण रूपमा सक्रिय भइसकेको छ। सलमान इन्स्टाग्राममा धेरै समय बिताउने गर्छन् र उनका नयाँ पोस्टहरू सधैँ चर्चाको विषय बन्ने गर्छन्। इन्स्टाग्राममा उनका फलोअर्सको सङ्ख्या ७ करोड २० लाखभन्दा बढी छ। सलमानको आगामी चलचित्रको कुरा गर्दा, उनको नयाँ चलचित्रको नाम 'मातृभूमि' रहेको छ, जसलाई अपूर्व लाखियाले निर्देशन गरेका हुन्।

# 'तीस हजार मेगावाटको लक्ष्य पूरा गर्न 'सनसेट ल' जरुरी'

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ११ जेठ**



सरकारले आगामी १० वर्षमा ३० हजार मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य राखे पनि वर्तमान प्रशासनिक र कानुनी उल्झनका कारण त्यो पूरा हुन कठिन रहेको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) को निष्कर्ष छ।

लक्ष्य प्राप्तिका लागि विकासका बाधक ऐनहरूलाई निश्चित समयका लागि निष्क्रिय पार्न 'सनसेट ल' जरुरी रहेको इप्पानले जनाएको छ। इप्पानका उपमहासचिव प्रकाश दुलालले ऊर्जा क्षेत्रको विकासका लागि जलविद्युत ऐन मात्र नभई वन, वातावरण, भूमिसुधार, धितोपत्र, कम्पनी र उद्योग दर्ता सम्बन्धी दर्जनौं ऐनहरू बाधक रहेको बताए। यी सबै ऐनका कतिपय प्रावधानलाई १० वर्षका लागि थाती राखेर विकासलाई गति दिनु नै अहिलेको एकमात्र विकल्प भएको उनको तर्क छ। उपमहासचिव दुलालका अनुसार जलविद्युत विकासमा सबैभन्दा ठुलो अवरोध वन ऐनले सिर्जना गरेको छ। १०० मेगावाटसम्मका आयोजना र १३२ केभीसम्मका प्रसारण लाइनका लागि वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) आवश्यक नपर्ने गरी प्रारम्भिक वातावरणीय परीक्षण (आइइ) बाटै काम अघि बढाउने व्यवस्था गर्नुपर्छ।

अहिले रुख कटानका लागि जग्गा नदिएसम्म प्रक्रिया अगाडि बढ्दैन, जसले गर्दा मन्त्रिपरिषद्को निर्णयपछि पनि आयोजना २-३ वर्ष रोकिन्छन्। त्यसैले पहिले रुख काट्न दिने र जग्गा सोधभर्नाका लागि २-३ वर्षको समय दिने प्रावधान ल्याउनुपर्ने उनको भनाइ छ। यस्तै नेपालका अधिकांश नदीहरू राष्ट्रिय निकुञ्ज र संरक्षण क्षेत्र भएर बग्ने भएकाले करिब १९ हजार मेगावाटका आयोजनाहरू त्यहाँको कडा कानुनका कारण रोकिएका छन्। राष्ट्रिय निकुञ्ज ऐन संशोधन गरी यस्ता क्षेत्रमा जलविद्युत आयोजना निर्माणलाई खुला गर्नुपर्छ।

# विश्वकपमा नेपाल : छनोट पार गर्नै मुस्किल

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ११ जेठ**



फिफा विश्वकप २०२६ सुरु हुन करिब तीन साता बाँकी छ। अमेरिका, क्यानडा र मेक्सिकोको संयुक्त आयोजनामा हुन लागेको प्रतियोगितामा यसपटक ४८ देश सहभागी हुँदैछन्। फुटबलको महाकुम्भ मानिने विश्वकपको चर्चा सहभागी देशभन्दा कम छैन नेपालमा। सामाजिक सञ्जालदेखि चिया गफसम्म विश्वकप छलफलको विषय बन्दै आएको छ।

विश्वकपमा नेपाली समर्थकको उपस्थिति जत्तिको उल्लेखनीय हुन्छ, त्यति देशको उपस्थिति भएको भने देखिँदैन। फिफा विश्वकप छनोट खेल्न थालेको चार दशकमा नेपाल अधिंकाश पटक पहिलो चरणबाटै बाहिरिएको छ। एकाध पटक दोस्रो चरणमा पुग्दा पनि नेपाल प्रदर्शनमा निरीह बन्दै आएको छ। नेपालले पहिलो पटक सन् १९८६ मा मेक्सिकोमा भएको फिफा विश्वकपका लागि छनोट खेलेको थियो। त्यसयता नेपालले दुई पटक बाहेक सबै विश्वकपमा छनोट खेलेको छ। तर हालसम्म दोस्रो चरणभन्दा बढी पुग्न सकेको छैन। सन् १९९४ मा सहभागी नभएको नेपालले सन् २००६ को विश्वकपमा नाम दर्ता गराएर पछि फिर्ता लिएको थियो। जसका कारण १० हजार डलर जरिबाना तिर्नुपरेको थियो। सन् २०१४ मा ब्राजिलमा भएको फिफा विश्वकपको छनोटअन्तर्गत पहिलो चरणमा टिमोर लिस्टेलाई पराजित गर्दै नेपाल पहिलो पटक दोस्रो चरणमा प्रवेश गऱ्यो।

नेपालले टिमोर लिस्टेलाई ७-१ को गोलअन्तरले पराजित गरेको थियो। जोर्डनसँग ११-१ को गोलअन्तरले पराजित हुँदै नेपाल दोस्रो चरणबाटै बाहिरियो।

# रेलमार्गमा भएको दुर्घटनामा एक महिलाको मृत्यु

**जलेश्वरटुडे समाचारदाता**
**जकपुरधाम, ११ जेठ**




जनकपुर-जयनगर रेलमार्गमा सोमबार साँझ भएको दुर्घटनामा एक महिलाको ज्यान गएको छ। धनुषा जिल्लाको विदेह नगरपालिका-९ बैदेही स्टेसनबाट करिब ६ सय मिटर पूर्व रेलले किच्दा अन्दाजी ३० वर्षीया महिलाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

सोमबार साँझ ५:३२ बजे जयनगरबाट जनकपुरतर्फ आउँदै गरेको रेलले ती महिलालाई किचेको हो। टाउकोमा गम्भीर चोट लागेपछि उनको तत्कालै मृत्यु भएको धनुषा प्रहरीका प्रवक्ता डीएसपी मधुसुधन न्यौपानेले जानकारी दिए। घटनापछि इलाका प्रहरी कार्यालयको टोली घटनास्थलमा पुगेर मुचुल्का तयार पारेको छ। मृतक महिलाको पहिचान भने अहिलेसम्म खुल्न सकेको छैन। शवलाई पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरमा पठाइएको प्रहरीले जनाएको छ।

घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

# मधेश प्रदेश सरकारको मन्त्रिपरिषद् विस्तार अन्तिम समयमा आएर फेरि अन्योलमा

**जलेश्वरटुडे समाचारदाता**
**जकपुरधाम, ११ जेठ**



मधेश प्रदेश सरकारको मन्त्रिपरिषद् विस्तार अन्तिम समयमा आएर फेरि अन्योलमा परेको छ। सत्ता गठबन्धनभित्र मन्त्रालय भागबण्डा र मन्त्री चयनको विषयमा सहमति जुट्न नसकेपछि तय गरिएको शपथ ग्रहण कार्यक्रम स्थगित गरिएको हो।

मुख्यमन्त्री कृष्णप्रसाद यादवले सोमबार मन्त्रिपरिषद् विस्तार गर्ने तयारी गरेका थिए। नेकपा एमालेका तर्फबाट शारदा थापा, मनोज सिंह र लखन ला दासलाई मन्त्रीको शपथ गराउने तयारी गरिएको थियो। शपथका लागि प्रस्तावित मन्त्रीहरू मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत पुगिसकेका थिए। तर, अन्तिम समयमा कार्यक्रम रोकिएपछि उनीहरू निराश हुँदै फर्किएका छन्। यसअघि एमालेका तर्फबाट मोहम्मद समिरले विना विभागीय मन्त्रीको रूपमा शपथ लिइसकेका छन्।

सुरुमा नेपाली कांग्रेस, नेकपा एमाले र नेकपासहितको नयाँ सत्ता गठबन्धन विस्तार गर्दै सरकारलाई पूर्णता दिने सहमति बनेको थियो। तर, मन्त्रालय बाँडफाँट र कुन दलले कुन मन्त्रालय पाउने भन्ने विषयमा सहमति हुन नसक्दा नेकपा सरकारमा सहभागी हुन पछि हटेको स्रोतको दाबी छ। प्रदेश प्रमुखको कार्यालयमा शपथ ग्रहणको सम्पूर्ण तयारीसमेत गरिएको थियो। सभामुख रामअशिष यादव र उपसभामुख बबिता राउत इशरसमेत कार्यक्रमस्थल पुगिसकेका थिए। साँझ ५ बजेका लागि तय गरिएको शपथ ग्रहण कार्यक्रम अन्तिम समयमा स्थगित भएपछि राजनीतिक वृत्तमा नयाँ चर्चा सुरु भएको छ। पछिल्लो समय मधेश प्रदेशको सत्तागठबन्धनभित्रै नेताहरूबीच आरोप प्रत्यारोप बढ्दै गएको छ।


# हामी सुहाँउँदो सौम्य शक्ति

-आर्थिक समृद्धि र परराष्ट्र सम्बन्धको विविधीकरण हाम्रो सौम्य शक्तिको दुई आधारभूत खम्बा हुनुपर्छ । निश्चित रूपमा तिनीहरूबीचको तादात्म्यताको व्यावसायिकता हाम्रो सौम्य शक्तिको सफलताको कडी हुनेछन् । सरकारले आगामी आर्थिक वर्षको बजेट र नीति कार्यक्रममा सौम्य शक्ति परिचालनलाई उच्च प्राथमिकता दिने घोषणा गरेको छ । सौम्य शक्ति भनेको देशका मौलिक पहिचान, संस्कृति, सम्पदा र सकारात्मक छविबाट अन्तर्राष्ट्रिय स्तरमा प्रभाव विस्तार गर्ने क्षमता हो । घोषणा मात्रै होइन, अब कार्यान्वयन र दीर्घकालीन रणनीतिमा ध्यान केन्द्रित गर्दै नेपालले आर्थिक समृद्धि र परराष्ट्र सम्बन्धको विविधीकरणमा सौम्य शक्तिको प्रयोग गर्नुपर्ने आवश्यकता छ । आगामी आर्थिक वर्ष २०८३-८४ को बजेटका सिद्धान्त र प्राथमिकता (११औं बुँदा) तथा सोही आर्थिक वर्षको नीति तथा कार्यक्रम (८७ औं बुँदा) मा सरकारले प्रभावकारी सौम्य शक्ति परिचालनलाई उच्च प्राथमिकता दिने घोषणा गरेको छ ।

यो निश्चय नै स्वागतयोग्य विषय हो । हामीले थोरै ढंग पुऱ्याएर काम गर्न सक्यौं भने आफ्नै कमजोरीले 'बिग पावर ट्र्याप' अर्थात् शक्तिशाली राष्ट्रहरूको जालमा फसेको नेपाली कूटनीतिमा नयाँ त्राण भर्न सक्नेछौं । साथै, नेपाली जनताको लामो इच्छा रहेको तीव्र आर्थिक वृद्धिको नयाँ मार्गको सुन्दर यात्राको प्रस्थानबिन्दु पनि हुन सक्छ । यति ठूलो अपेक्षाका विषयमा हामी सबैको बृहत् चिन्तन, विश्लेषण र सहकार्य पनि उत्तिकै आवश्यक हुन्छ । जति ठूलो महत्त्व, त्यति नै ठूलो तयारी गर्नु सफलताको अनिवार्य सर्त हो । सरकारको घोषणा राम्रो छ । तर हामीले भुल्नु हुँदैन, इतिहासमा यस्ता घोषणाहरू धेरै पटक भइसकेका हुन्छन् । जस्तै, वर्तमान सरकारको नीतिमा उल्लेखित सौम्य शक्ति परिचालनको परिकल्पनामा प्रयोग भएको भाषा विस २०७७ मा घोषणा भएको परराष्ट्र नीतिमा उल्लेखित उद्देश्य (७ औं बुँदा) सँग धेरै मिल्दोजुल्दो छ ।

अब घोषणा होइन, कार्यान्वयन र नतिजाको भिन्नता नागरिकलाई अनुभूति गराउने समय हो । फेरि एक पटक जोड गरौं, यो महत्त्वपूर्ण विषयमा हामी गम्भीर हुनुपर्छ । हरेक राम्रा नीतिलाई गिजोलेर लथालिंग बनाउने पुरानो राजनीतिसँगको सम्बन्ध विच्छेदबाट नयाँ राजनीतिको सुरुवात हुन्छ । सौम्य शक्तिः उत्पत्ति र प्रयोगः सिंगो राजनीतिशास्त्र र त्यसभित्रको एक अभिन्न विधा 'अन्तर्राष्ट्रिय सम्बन्ध' को सबैभन्दा प्रमुख शब्दावली हो- शक्ति । शक्तिको चर्चा मानव जातिको इतिहास जति नै लामो छ । अन्तर्राष्ट्रिय सम्बन्धमा शक्तिको चर्चा दुई फरक दृष्टिकोणमा आधारित भएर हुँदै आएको थियो । एउटा राजनीतिशास्त्री रोबर्ट डाहलले व्याख्या गरेझैं कुनै एक राष्ट्र, राष्ट्र प्रमुख वा संस्थाले अर्को राष्ट्र, राष्ट्र प्रमुख वा संस्थालाई सामान्य अवस्थामा नगर्ने काम गराउन बाध्य गर्न सक्ने क्षमता अर्थात् पात्रकेन्द्रित शक्ति र सिंगो देशको सेना, अर्थतन्त्र, जनसंख्या, प्राकृतिक स्रोत, नेतृत्व, सुशासनको अवस्था आदिले सिर्जना गर्ने राष्ट्रिय शक्ति र त्यसको प्रभाव रहेको थियो/छ । सौम्य शक्ति सम्बन्धित देशको मन जितेर आफ्नो पक्षमा नतिजा ल्याउने क्षमता हो । बीसौं शताब्दीको अन्तिमदेखि सौम्य शक्तिको प्राज्ञिक छलफलले स्थान पाएसँगै र एक्काइसौं शताब्दीमा 'स्मार्ट' भन्ने शब्द यत्रतत्र प्रचलनमा आएसँगै शक्तिलाई वर्गीकरण गर्ने नयाँ-नयाँ शब्दावलीहरूको अभ्यास सुरु भयो । अमेरिकी राष्ट्रपति बिल क्लिन्टनको प्रशासनअन्तर्गत सन् १९९४ देखि १९९५ सम्म रक्षा मन्त्रालयमा अन्तर्राष्ट्रिय सुरक्षा मामिलाका सहायक सचिवका रूपमा काम गरेका हार्वर्ड विश्वविद्यालयका प्राध्यापक जोसेफ एस. नाई जुनियरले सन् १९९० मा लेखेको पुस्तक 'बाउन्ड टु लिडः द चेन्जिङ नेचर अफ अमेरिकन पावर' मा सफ्ट पावर अर्थात् सौम्य शक्तिलाई पहिलो पटक प्रयोग गरेका थिए ।

त्यसपश्चात् उनैलाई केन्द्रबिन्दुमा राखेर संसारभर यसको विचार विमर्श हुने गरेको छ । आज परराष्ट्र मामिला अध्ययनमा यो एक प्रमुख र सर्वाधिक लोकप्रिय विषय बनेको छ । एउटा रोचक प्रसंग के छ भने क्लिन्टन प्रशासनमा बसेर काम गरेका उनै अमेरिकी प्राध्यापकलाई बेइजिङस्थिति थिंक ट्यांक 'सेन्टर फर चाइना एन्ड ग्लोबलाइजेसन' ले विशेष आग्रह गरेर सन् २०२३ मा 'सफ्ट पावर



एन्ड ग्रेट पावर कम्पिटिसन' भन्ने पुस्तक लेख्न लगाउँछ र जुन पुस्तकमा नाईले चीनको सौम्य शक्तिका बारेमा आलोचना पनि गरेका छन् । हो, यस्तै सौम्य शक्तिले आजको चीन निर्माण भएको छ । सौम्य शक्तिलाई बुझ्न पहिला त्यसको अर्को ध्रुवमा रहेको कठोर शक्ति अर्थात् 'हार्ड पावर' बुझ्नु आवश्यक हुन्छ । रोवर्ट डाहलले भनेको शक्ति धेरै हदसम्म 'हार्ड पावर' हो । सैन्य वा आर्थिक फाइदा (भुक्तानी), लोभ, प्रलोभनमा पारेर अर्को पक्षलाई करकाप वा धम्कीपूर्ण तरिकाले आफ्नो पक्षमा वकालत वा व्यवहार गर्न लगाउने क्षमतालाई 'हार्ड पावर' भनिन्छ । सौम्य शक्ति सम्बन्धित देशको मन जितेर आफ्नो पक्षमा नतिजा ल्याउने क्षमता हो । देशहरूले आफ्नो कुनै निश्चित गुण वा विशेषताका आधारमा अन्य देशलाई आकर्षण वा सहमत गराउने क्षमता हो । अर्थात् देशहरूले आफ्ना निश्चित (प्राकृतिक, सांस्कृतिक, वैचारिक, प्राविधिक) गुणबाट सम्बन्धित देशलाई उक्त क्षेत्रको मुद्दा उठाउने, पैरवी गर्ने वा अन्य देशहरूलाई केही आग्रह गर्ने अधिकार राख्छ भन्ने वैधता स्थापना गर्दै अन्य देशहरूलाई आफ्नो पक्षमा ल्याउने क्षमतालाई सौम्य शक्ति भनिन्छ ।

यस्ता देशहरूले कुनै विशेषताका आधारमा आफूप्रतिको माया र सम्मानलाई उच्च तहमा पुऱ्याएका हुन्छन् । सम्बन्धित देशले आफ्नो ब्रान्डिङ गर्न खोजेको क्षेत्रको व्यवस्थापनको मोडलहरू अन्य धेरै देशहरूले पनि अनुकरण गर्न खोजिरहेका हुन्छन् । सौम्य शक्तिमा अब्बल देशहरूले त्यस्ता सफल क्षेत्रहरूलाई केन्द्रबिन्दुमा राखेर अन्तर्राष्ट्रिय आदानप्रदान र अन्तरक्रियाहरू गर्छन्, जसको सकारात्मक प्रभाव अन्य क्षेत्रमा समेत पर्न जान्छ । सफलताका लागि अनिवार्य प्रश्नहरूः हामी यहाँ नेपाल राज्यले आफ्नो एक शक्तिलाई सशक्त रूपमा परिचालन गर्ने घोषणा गरेको विषयमा चर्चा गरिरहेका छौं । कुनै पनि शक्तिको निर्माण हुने आफ्नै प्रक्रिया हुन्छ । त्यस्तो शक्ति कहिले, कसलाई, कसरी प्रयोग गर्दा उच्च नतिजा हासिल गर्ने पनि आफ्नै विधि हुन्छ । हामीले शक्ति प्रयोग गर्दा अर्को पक्षको प्रतिक्रिया पनि शक्तिको नतिजामा निर्णायक नै हुन्छ । यी सबै आधारभूत आयामहरूका बारेमा विस्तृत र घनीभूत छलफल गर्दै भविष्यमा आउने सक्ने समस्याहरूलाई पहिचान गर्दै अगाडि बढ्नु राष्ट्रिय जिम्मेवारी हो । यो महान् अभियानलाई सहजीकरण गर्न तलका केही प्रश्नहरू सहयोगी हुन् सक्छन् । पहिलो, यो समयमा सौम्य शक्ति परिचालनमा नै उच्च प्राथमिकता किन ? यदि हामीले हाम्रा छिमेकीहरू धेरै बलिया भएकाले 'हार्ड पावर' मा नेपालले गर्न सक्ने केही छैन, त्यसैले सौम्य शक्ति मात्रै विकल्प हो भन्ने गैरजिम्मेवार उत्तरलाई केन्द्रमा राखेर छलफल सुरु गऱ्यौं भने त्यो अल्पज्ञान मात्रै होइन, देशको भविष्यप्रति पनि खतराजनक अभिव्यक्ति हुन्छ । विश्व इतिहासले प्रमाणित गरे जस्तै सौम्य शक्ति अन्ततः 'हार्ड पावर' आर्जनको माध्यम हो । रणनीतिक रूपमा सौम्य शक्तिको प्रभावकारी परिचालन मार्फत हामी पनि कसरी 'हार्ड पावर' लाई बलियो बनाउने मार्गमा छौं, प्रस्ट हुनुपर्छ ।

**साभार : कान्तिपुर ।**


# स्थानीयवासी, व्यापारी तथा राजनीतिक दलका प्रतिनिधिहरू आन्दोलन



**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, ११ जेठ**

सिरहाको बरियारपट्टीस्थित छोटी भन्सार कार्यालय बन्द गर्ने सरकारी निर्णयको विरोधमा स्थानीयवासी, व्यापारी तथा राजनीतिक दलका प्रतिनिधिहरू आन्दोलनमा उत्रिएका छन् । आन्दोलनकारीहरूले सोमबार धनगढीमाई नगरपालिका-९ को जिरोमाइल चोकमा चक्काजाम गर्दै सरकारविरुद्ध प्रदर्शन गरेका हुन् । प्रदर्शनकारीहरूले बरियारपट्टी छोटी भन्सार कार्यालय खारेज गर्ने निर्णय तत्काल फिर्ता लिन माग गर्दै पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गरेका थिए ।

केही समय राजमार्ग अवरुद्ध हुँदा यात्रु तथा सवारी चालकहरू समस्यामा परेका थिए भने यातायात सेवासमेत प्रभावित बनेको थियो । नेपाल सरकारले २१ बैशाख २०८३ मा नेपाल राजपत्रमार्फत सूचना प्रकाशित गरी बरियारपट्टी छोटी भन्सार कार्यालय बन्द गर्ने निर्णय सार्वजनिक गरेपछि स्थानीयस्तरमा विरोध चर्किएको हो । स्थानीय व्यापारी तथा बासिन्दाहरूले भन्सार कार्यालय बन्द हुँदा सीमावर्ती क्षेत्रको व्यापार व्यवसाय, स्थानीय आर्थिक गतिविधि र राजस्व संकलनमा नकारात्मक असर पर्ने बताएका छन् ।




"पत्र-पत्रिकाहरुको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday